त्रैमासिक

# eबुलेटिन

आ.व.०८१/८२ अङ्क २ माघ- चैत

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार**

**संरक्षक**
राधिका अर्याल
सचिव

**सल्लाहकार**
कोशहरि निरौला
सहसचिव
अनिल कुमार दत्त
सहसचिव
गौरव गिरी
सहसचिव

**प्रकाशन समिति**
**संयोजक**
गजेन्द्र कुमार ठाकुर
सहसचिव

**सदस्यहरू**

ममता वास्तोला
उपसचिव

रमेश विश्वकर्मा सुनार
शाखा अधिकृत

**सदस्य सचिव**
ठानेश्वर पराजुली
शाखा अधिकृत

**कम्प्युटर**
करिश्मा पौडेल

## आकर्षण

चलचित्र विकास बोर्डबाट चैत मसान्तसम्म सम्पादन भएका मुख्य मुख्य ........................................ 2





हुलाक सेवा विभाग ........................................ 4



मन्त्रालयको मुख्य-मुख्य कार्यहरू ........................................5



सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङसँग काठमाडौंमा नेपालका लागि जापानका राजदूत तोरु मायदाले शिष्टाचार भेट ........................................10





01-4200439, www.mocit.gov.np, info@mocit.gov.np

# चलचित्र विकास बोर्डले सम्पादन गरेका मुख्य मुख्य कार्यक्रमहरू

धुलिखेल नगरपालिका स्थापना दिवसको अवसरमा चलचित्र विकास बोर्ड र धुलिखेल नगरपालिका बीच आउटडोर सुटिङ स्टुडियो निर्माणार्थ १३०० रोपनी जग्गा हस्तान्तरण सम्बन्धी प्रारम्भिक सम्झौता गरिएको ।




११५ औ अन्तर्राष्ट्रिय नारी दिवसको अबसरमा चलचित्र विकास बोर्ड द्वारा आयोजित "चलचित्रमा नारी" नारासहित आयोजित ३ दिने महिला चलचित्र महोत्सव २०८१ सम्पन्न गरिएको ।



स्थानिय चलचित्रकर्मीहरूको दक्षता अभिवृद्धि गर्ने उद्देश्यले कर्णाली प्रदेशको सुर्खेतमा आयोजित पाँच दिवसिय फिल्मी मेकअप कार्यशाला सम्पन्न गरिएको ।



बोर्ड अध्यक्ष दिनेश डी.सी. र नेपाल प्रहरीका एआईजी टेक बहादुर तामाङबीच लागूऔषध नियन्त्रण तथा रोकथाम सम्बन्धी द्विपक्षीय सम्झौतामा हस्ताक्षर गरिएको ।




नेपाल कल्चर एण्ड फिल्म सेन्टर (NCFC)को आयोजनामा छैटौ नेपाल कल्चरल ईन्टरनेशनल फिल्म फेस्टिभलमा सहकार्य गरिएको ।



# हुलाक सेवा विभाग

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले २०८१ फागुन ५ गते नयाँ हुलाक टिकट 'पञ्चमार्क मुद्रा' र 'भित्रीकोट दरबार' टिकटको आवरणमा टाँचा प्रदान गर्नुभएको छ ।



सम्माननीय सभामूख देवराज घिमिरेज्यूद्वारा सुखानीका शहिदहरुको हुलाक टिकटमा टाँचा लगाउनु हुदैं ।



सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा हुलाक सेवा विभागले आयोजना गरेको 'एक स्थानीय तह एक हुलाक' कार्यक्रमको स्थापना घोषणा कार्यक्रम उद्घाटन गर्दै सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले मुलुक रुपान्तरण सँगै नीति र विधि फेरिन नसक्दा विकास ओझेलमा परेको धारणा राख्नुभयो ।



## सञ्चार मन्त्रालयको मुख्य-मुख्य कार्यहरू

आमसञ्चार र सूचना प्रविधि क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि कार्यक्रम

आमसञ्चार/सञ्चारलाई व्यवसायिक, खोजमुलक र विश्लेषणात्मक बनाउन उक्त क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकास कार्यक्रम तेस्रो त्रैमासिकमा सञ्चालन गरियो । उक्त कार्यक्रम राष्ट्रिय समाचार समितिसँगको सहकार्यमा राष्ट्रिय समाचार समितिको हलमा सञ्चालन गरिएको थियो । अध्यक्षतमा उक्त कार्यक्रममा मन्त्रालयको तर्फबाट मन्त्रालयका सहसचिव श्री गजेन्द्र कुमार ठाकुरज्यूले राष्ट्रिय समाचार समितिका अध्यक्षताज्यूले तथा १ जना वरिष्ठ पत्रकारको प्रस्तुतीकरण रहेको थियो । करिव ४० जनाको सहभागितामा उक्त कार्यक्रम सञ्चालन भएको थियो ।

यु-ट्यूब व्यवस्थापन तथा अभिमुखिकरण कार्यक्रम

मधेश प्रदेश (जनकपुर)

मिति २०८१/११/०८ मा स्वीकृत कार्यक्रम तथा प्रदेशस्तरमा मधेश प्रदेशको धनुषा जिल्लाको जनकपुरधाममा तेस्रो चौमासिक कार्यक्रम सञ्चालन गर्ने निर्णय भए बमोजिम मिति २०८१/१२/१० गते यु-ट्यूब व्यवस्थापन तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा यस मन्त्रालयका सहसचिव श्री कोशहरि निरौलाज्युले अध्यक्षता गर्नभएको थियो । करिव ७५ जना भन्दा बढीको सहभागीता रहेको उक्त कार्यक्रममा मन्त्रालय, प्रेस काउन्सिल नेपाल तथा जिल्ला पत्रकार महासंघको तर्फबाट प्रस्तुतीकरण रहेको थियो ।

कोशी प्रदेश (विराटनगर)

चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गगत खर्च शीर्षक २२५२२ *LMBIS* २.७.२५.३११ मा यु-ट्यूव व्यवस्थापन तथा अभिमुखिकरण कार्यक्रम अन्तर्गत कोशी प्रदेशको मोरङ्ग बिराटनगरमा तेस्रो चौमासिक कार्यक्रम सञ्चालन गर्ने निर्णय भए बमोजिम मिति २०८१/१२/२९ गते सो कार्यक्रम मोरङ्ग जिल्लाको विराटनगरमा सम्पन्न भयो । उक्त कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव श्री राधिका अर्यालज्यूले अध्यक्षता गर्नुभएको थियो । करिब ६० जना पत्रकारहरुको सहभागितामा उक्त कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा मन्त्रालय, प्रेस काउन्सिल नेपाल तथा जिल्ला पत्रकार महासंघको तर्फबाट प्रस्तुतीकरण रहेको थियो ।



महिला पत्रकारहरूको क्षमता अभिवृद्धि तथा अन्तर्क्रिया कार्यक्रम

लुम्बिनी प्रदेश (रुपन्देही)

यस मन्त्रलयको चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गगत महिला पत्रकारहरूको क्षमता अभिवृद्धि कार्यक्रम प्रदेशस्तरमा सञ्चालन गर्ने निर्णय बमोजिम मिति २०८१/११/२७ गते लुम्बिनी प्रदेशको रूपन्देही जिल्लाको वुटवलमा कार्यक्रम सम्पन्न भयो उक्त कार्यक्रममा यस मन्त्रालयका उपसचिव श्री ममता वास्तोलाज्यूले अध्यक्षता गर्नुभएको र उक्त कार्यक्रममा मन्त्रालय, प्रेस काउन्सिल नेपाल तथा सञ्चारिका समूह बुटवलको तर्फबाट छुट्टा छुट्टै प्रस्तुतीकरण गरिएको थियो । करिव ५५ जना भन्दा बढी महिला पत्रकारहरुको उपस्थितिमा सो कार्यक्रम सम्पन्न भएको थियो ।




बाग्मती प्रदेश (काठमाडौं)

यस मन्त्रालयको चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत महिला पत्रकार हरूको क्षमता अभिवृद्धि कार्यक्रम राष्ट्रिय स्तरमा सञ्चालन गर्ने निर्णय बमोजिम २०८१ चैत २२ गते बाग्मती प्रदेशको काठमाडौंमा कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा यस मन्त्रालयका सचिव श्री राधिका अर्यालयज्यूले अध्यक्षता गर्नुभएको थियो । उक्त कार्यक्रममा मन्त्रालय, प्रेस काउन्सिल नेपाल तथा विषय विज्ञको तर्फबाट छुट्टा छुट्टै प्रस्तुतीकरण गरिएको थियो । करिव १२० जना महिला पत्रकारहरुको उपस्थितिमा सो कार्यक्रम सम्पन्न भएको थियो ।



सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले नेपाल र भारतबीचको प्रगाढ सम्बन्धको भरपुर लाभ आइटी क्षेत्रमार्फत  लिनुपर्ने बताउनुभएकोछ । भारतीय दूतावासले आज यहाँ आयोजना गरेको ‘सेकेण्ड इण्डिया-नेपाल स्टार्टअप कनेक्ट कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री गुरुङले अहिले सूचना प्रविधिको युग भएकाले दुई देशबीचको सम्बन्ध जोड्ने आधार सूचना प्रविधि रहेको बताउनुभएको हो ।



नेपाल टेलिभिजनको ४० औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै सञ्चार तथा सूचनाप्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले जनताले सहि सूचना पाए मात्र राष्ट्रिय एकता बलियो हुने बताउनु भयो । सार्वजनिक सेवा प्रसारण संस्था (पिएसबी) ले जनताको हितका लागि भुमिका निर्वाह गर्नुपर्ने बताउनुभयो ।




नेपाल दूरसञ्चार प्राविधिकरणको २७ औं वार्षिकोत्सवका अवसरमा काठमाडौंमा आयोजीत कार्यक्रम संबोधन गर्दै । उहाँले सरकारले पुँजीगत खर्चमा जोड दिनु पर्ने धारणा राख्नुभएको थियो ।




सञ्चार तथा सूचनाप्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले राष्ट्रिय समाचार समिति(रासस) को ६४ औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै । राससलाई आत्मनिर्भर र गुणस्तरतर्फ प्रेरित गर्नुभएको थियो ।



सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङसँग काठमाडौंमा नेपालका लागि जापानका राजदूत तोरु मायदाले शिष्टाचार भेट गर्नुभएकोछ । मन्त्री गुरुङले मन्त्रालयस्थित आफ्नै कार्यकक्षमा नवनियुक्त राजदूत मायदालाई स्वागत गर्दै नेपालको विकासका सम्भावना र सहकार्य बारे संवाद गर्नुभएको थियो ।



सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले रेडियो नेपालको ७५औं वार्षिकोत्सव (हीरक महोत्सव) कार्यक्रममा राजावादी समूहको हिंसात्मक प्रदर्शनलाई सामन्ती प्रवृत्ति भन्दै गणतन्त्रको महत्व जनतामा स्पष्ट पार्न आवश्यक रहेको बताउनुभयो ।



सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले विज्ञापन बजार व्यवस्थापन र सुदृढ गर्न राष्ट्रिय विज्ञापन नीति अत्यन्त आवश्यक रहेको बताउनुभयो । काठमाडौं आयोजीत राष्ट्रिय विज्ञापन सङ्घको दोस्रो वार्षिक  साधारणसभा तथा पहिलो अधिवेशनमा बोल्दै मन्त्री गुरुङले पुरानो नीति र व्यवस्थामा चलेको  विज्ञापन नीति समयानुकूल परिमार्जन गर्न नसक्दा व्यवहारमा जटिलता आएको बताउनुभएको हो ।

